# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बनगाड कुपिण्डे नगरपालिका

## सल्यान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बनगाड कुपिण्डे नगरपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बनगाड कुपिण्डे नगरपालिका

## सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ ज्येष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर, [illegible], काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मिति:२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

बनगाड कुपिण्डे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सल्यान ।

१. **कैफियत सहितको राय** – हामीले बनगाड कुपिण्डे नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.९३ लाख १७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले यो वर्ष असुल गर्नुपर्ने रू.४ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख २२ हजार र नियमित गर्नुपर्ने रु.५० लाख २० हजार र पेश्की बाँकी रु.३२ लाख २८ हजार समेत रू.९३ लाख १७ हजार बेरुजु बाकी रहेको छ । बनगाड कुपिण्डे नगरपालिकाको गतवर्ष सम्म रु.१७ करोड ६३ लाख ४० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ११ लाख २७ हजार रहेको

छ । **बनगाड कुपिण्डे नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बनगाड कुपिण्डे नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बनगाड कुपिण्डे नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# बनगाड कुपिण्डे नगरपालिका,

## सल्यान जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | १९ | ९३१७ | ० | ० | ० | ६९ | १९ | ९३१७ | ४४७ | ५०२० | ६२२ | ० | ० | ५६४२ | ३२२८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १७६३४० | ० | ४५३० | १७१८१० | ० | ९३१७ | १८११२७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ० | ० | ० |
| २ | ०७७।०७८ | नाम्स अनुसार | नाम्स अनुसार (विभिन्न) | ४५३०००० |
| | **जम्मा** | | | ४५३०००० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ३३८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६ हजार ५२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९। १४देखि २०८०।९।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय — व्ययतर्फ रु.१ अर्ब ४७ करोड ३० लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

### लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ **प्राप्ति तथा भुक्तानी हिसाब** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम वनगाड कुपिण्डे नगरपालिका सल्यानले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८०मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुचि बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,१६,५५,०६३/- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४,७६,८८,८८३/- र स्थानिय तह प्रशासकिय भवन बिकास कार्यक्रम रु.८०,००,०००/- गरी रु.१८,७३,४३,९४६/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब** — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा संलग्न अनुसुचीअनुसार गत वर्षको जिम्मेवारी रु.१४,३९,३७५/- यस वर्षको प्राप्ति रु.१,८८,७४,१२५२।५० यस वर्षको भुक्तानी रु.२०,०३,०४,०७५/- र बैङ्क मौज्दात रु.१,३०,०२,१९७।३०फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी फरक हिसाव मिलान गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २०,०७,७७,१०२.२५ | ५४,०२,७०,१६४.८२ | ५४,३७,०३,५८२.४४ | १९,७३,४३,६८४.६३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १९९३३७७२७।२५ | ७२९०११४१७।३२ | ७४४००७६५७।४४ | १८४३४१४८७।१३ |
| फरक | १४३९३७५ | १८८७४१२५२।५० | २००३०४०७५ | १३००२१९७।३० |

२.५ **जिम्मेवारी फरक परेको** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१८,९८,६५,७२८/- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१९,९३,३७,७२७।२५जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९४,७१,९९९।२५ वढी जिम्मेवारी सारेको सम्वन्धमा कारण खुलेको नदेखिएकोले कारण खुलाईहिसाव मिलान गरिनुपर्दछ ।

२.६ **धरौटी दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको धरौटी दायित्व रु.३,०३,८३२.०० देखाएको छ । यकिन भई सकेको धरौटी दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०३,८३२ |

२.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता र आषाढ मसान्तको बैक स्टेटमेन्टको रु.७,७४,०६६/- मौज्दात फरक देखिएको छ । (म.ले.प.फा.नं.२१२) तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ८५४६५०८।६५ | |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | १०५०७७२७ | |

| | | | |
|---|---|---|---|
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ३३२१३५।८० | |
| ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ० | ९६९२७४० | |
| ग २.७, विविध खर्च खाता | १७,३०,७४०.५० | १७३०७४०।५० | |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १,२३,६८,२५८.०० | १२५१८२५८ | |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | २३,७६,०००.०० | २३७६००० | |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १६,२२,११,९३८.१३ | १३३७५६८९२।६८ | |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ७,६५,०००.०० | ७६५००० | |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०,६१,१७०.०० | ६०,६१,१७०.०० | |
| जम्मा | १८५५१३१०६.६३ | १८६२८७१७२.६३ | ७७४०६६ |

२.८ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८५,८९,७९३/- राजस्व बाँडफाँड र अनुदानबाट रु.५२,४७,४३,०५७/- समेत रु.५३,३३,३२,८५०/- आम्दानी भएकोमा चालु तर्फ रु.३४,२९,६७,९८१। र पूँजिगत तर्फ रु १९,५०,५६,४५६.०० समेत रु.५३,८०,२४,४३७/-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२५,८७,९६६/- खर्च भएको छ जुन आन्तरिक आयको १४६.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.३०प्रतिशत चालु र ३६.५७प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको भए पनि सो अनुसार कार्यान्वयन भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको, देखिएन .

**खरिद व्यवस्थापन तर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कार्वाही गरेको गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)-** कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको छैन ।

**विविध तर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईको छैन
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको को छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

३.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक सञ्चितकोष,धरौटी,बिबिध खर्च खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

---

३.३ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र. २१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे

अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०७९।३।१० मा एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु ७८. करोड ५४ लाख ४६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९। ४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान पश्चात कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४.३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ३६८ योजनामा वजेट विनियोजन गरेको छ। विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ

। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६१ | २७ | १६ | १८ |
| २. | वडास्तरीय | ३०७ | ० | ६९ | २४८ |

४.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १९करोड ५० लाख ५६ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड १८ लाख ९७ हजार , दोश्रो त्रैमासिकमा रु ८४ लाख ५५ हजार.तेस्रो त्रैमासिकमा रु १ करोड ४० लाख ८२ हजार , चौथो त्रैमासिकमा रु १६ करोड ६ लाख २२ हजार. र असार महिनामा मात्रै रु १० करोड.३१ लाख ८५ भएको देखिन्छ। चौथो त्रेमासिक खर्च ८२.३४ र आषाढ महिनाको खर्च ५२.८९ रहेकोले बर्षान्तमा खर्च उच्च रहेको छ
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७९ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु. .९ करोड ९५ लाख ५० हजार योजना तथा कार्यक्रम संसोधन गरी रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १२.६७.प्रतिशत हुन्छ। योजना तथा कार्यक्रम स्विकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा योजना संसोधन गरी रकमान्तर गर्नु उचित होइन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासकाविवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८६.७७प्रतिशत र सुशासन र आन्तरसम्बन्धित

क्षेत्र मा सबै भन्दा घटीमा ४०.५४ प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति संलग्न अनुसुचीमा रहेको छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,६५,२२,०००.०० | २,६२,८४,९९२.०० | ७१.९७ |
| २ | पूर्वाधार विकास | ७,६१,००,२००.०० | १५,९९,९९,१०६.०० | ५७.९५ |
| ३ | सामाजिक विकास | २९,८०,८१,०००.०० | २५,८६,४६,००९.२० | ८६.७७ |
| ४ | सुशासन र आन्तरसम्बन्धित क्षेत्र | २,६४,७८,०००.०० | १,०७,३४,८९९.०० | ४०.५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १४,८२,६५,०००.०० | ८,२३,५९,४३१.२४ | ५५.५५ |
| जम्मा | | ७८,५४,४६,२००.०० | ५३,८०,२४,४३७.४४ | ६८.४९ |

सैद्धान्तिक बेरुजु

४.६ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत गत वर्षको रु ६२६५२०० भुक्तानी दिन बाँकी रकम वजेट कायम गरी रु ६२५९६१६ पुजिगत खर्चशिर्षकबाट दायित्व भुक्तानी दिएको छ।संघ तथा प्रदेश वाट आउनुपर्ने निकास समयमा नआएका कारण दायित्व वढेको कार्यालयको भनाइ रहेकोमा पालिकाको श्रोत अनुसार यथार्थ अनुमान गरी बजेट व्यबस्थापन गर्नुपर्ने र त्रैमासिक लक्ष्य अनुसार समयमा वजेट कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।साथै ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरीनुपर्दछ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दि बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल ६२ कर्मचारी दरबन्दी रहेकोमा २०८०।०३।३१ सम्म ३२ जना दरबन्दी स्थायी पदपूर्ति भई ३० पद रिक्त रहेको छ । उक्त रिक्त पदमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम मिति २०८०। ९।१२

मा पठाएको देखिएको छ । दरबन्दी बमोजिम जनशक्तिको समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ कर्मचारी व्यवस्था-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी संलग्नअनुसुची अनुसार तलव भत्ता रु.३३,१६,९७२।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | तलव भत्ता रु. |
|---|---|
| कम्प्युटर अपरेटर | ४५१४९० |
| सव ईन्जिनियर | ४५१४९० |
| असिष्टेन्ट सव ईन्जिनियर | १२८३१७८ |
| जम्मा | २१८६१५८ |

| | |
|---|---|
| अनियमित भएको | २१,८६,१५८ |

५.३ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ जना कर्मचारीको रु.२,६२,८८,२९९.३४ र पालिकाका २८ जना कर्मचारीको रु.१,७८,७६,८१४/- समेत रु.४,४१,६५,११३/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.४ **अवकास कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई

कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ५ वटा नियमावली, २७ कार्यविधि १४ निर्देशिका ६ नर्मस लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राजस्व सङ्कलन तथा खर्च व्यवस्थापन तथा वेरुजु लाई फस्यौट गर्न अति आवश्यक कानुन जस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई नगरपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

६.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको ११ गरी कुल २० विवाद दर्ता भएकोमा १० वटा मात्र फस्यौंट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ विविध खर्च

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु.४०,००,०००.०० बजेट व्यवस्था गरेकोमा रु.२१,५५,७३५.०० खर्च गरेको छ । उक्त खर्चमा होटलको बिल पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समावेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र गरेको छ । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| गो भौ नं | आपुर्तिकर्ता | विबरण | खर्च रकम |
|---|---|---|---|
| १६२।२०७९/११/०८ | रेजिना नास्ता पसल र सन्देश खाजा घर | खाना नास्ता | १,२८,२७० . |
| २२५।२०७९/१२/२३ | न्यू फुलवारी गेष्ट हाउस<br>सन्देश नास्ता उद्योग | खाना नास्ता | ८९०१२ |

| | | | |
|---|---|---|---|
| ४८।२०७९।६।१४ | अमर होटल | खाना नास्ता | ७६२५० |
| २८।२०७९।५।१० | न्यू फुलवारी गेष्ट हाउस | खाना नास्ता | ९८६८० |
| ११२। २०७९/०९/२६ | अमर थापा | खाना नास्ता | ६२,५०० |

## ८ सम्पत्ति उपयोग र संरक्षण

८.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| **सम्पत्ति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** |
|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | -६३५.९ वर्गम | -- |
| सवारी साधन दुइ पाङग्रे | २८ | ४२९११३५ |
| सवारी साधन चार पाङग्रे | २ | ८०२६५४८ |
| ट्रिपर | १ | २४१९४६९ |
| एम्वुलेन्स | २ | २१३२१९० |
| ब्याकह लोडर | १ | ३४१९००० |

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यालयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्नेमा पालिकाको सबै घर जग्गाको अभिलेख नराखेको र मुल्य नखुलेका सम्पति तथा सामानको मुल्य खुलाइ अभिलेख राखेको पाईएन ।
- यन्त्र उपकरण सञ्चालन- पालिकामा रहेका ट्रिपर, ब्याकहो लोडर लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

८.२ **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।४।२३ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने २१ आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने १४ आइटमका सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा लिलामी प्रकृया नै शुरु गरेको पाइएन ।

८.३ **इन्धनको अभिलेख —** पालिकाले यस बर्ष सवारी इन्धनमा रु.४८,८२,३६४/-खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धन खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।

८.४ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण -** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

## ९ धरौटी फिर्ताः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले गोपाल निर्माण सेवाको गो.भौ.नं ८।२०७९।०९।१९ बाट धरौटी फिर्ता गर्दा सम्बन्धित व्यवसायीको नामको मुल्य अभिबृद्धी कर समायोजन पत्र प्रमाण पेश नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,६२० |

## १० पेश्की व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्यौंट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने

व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष दिएको संलग्न अनुसुची अनुसार म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | बिबरण | फस्यौट गर्नेअन्तिम मिति | म्याद ननाधेको पेश्की रकम | म्याद नाधेको पेश्की रकम |
|---|---|---|---|---|---|
| २०७९/११/०३ | लक्की निर्माण सेवा | नगरपालिका परिसरमा सल्याव गेट तथा रिटेनिङवाल निर्माण | २०७९/१२/०८ | | ५,००,००० |
| २०७९/११/०५ | लक्की निर्माण सेवा | नगरपालिका परिसरमा सल्याव गेट तथा रिटेनिङवाल निर्माण | २०७९/१२/१० | | ५,००,०००.०० |
| २०८०/०२/२६ | ए एण्ड ए कन्स्ट्रक्सन | ढोरपिपल थापाचौर सडक निर्माण | २०८०/०३/२९ | | १,६८,०००.० |
| २०८०/०१/०६ | जिल्ला खेलकुद समिति सल्यान | विविध खर्च | २०८०/०२/१० | | ६०,०००. |
| २०७९।६।१० | ग्राण्ड डिजाइन कन्ट्रकसन | १५ वेड अस्पताल निर्माण | | १३८००००० | |
| | एसोसियटस जय भवानी जे भी | प्रशासकिय भवन | | | २०००००० |
| | | | | पेश्की | ३२,२८,००० |

## ११ आन्तरीक आय

११.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमिकर/मालपोत | १०,५०,००० | ९,०६,७८५ | ८६।३६ |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | ३,००,००० | २,११,७१३ | ७०।५७ |
| व्यवसाय कर | १०,५०,००० | ७,२५,२१० | ६९।०६ |
| वहाल विरौटी शुल्क | ५,००,००० | ० | ० |
| अन्य राजस्व | ६,००,००० | ४२,९६,९४९ | ७१६।१५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । यसरी पालिकाले विभिन्न शिर्षकबाट प्राप्त गर्ने राजस्व सम्बन्धित शिर्षकमा नै पर्नेगरि अभिलेख राख्नु पर्नेमा अन्य राजस्व शिर्षकमा राखेको छ र यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ । साथै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११.२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ७,२५,२१०।०० कर सङ्कलन गरेकोमा पालिकाको आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था देखिदैन। तसर्थ पालिकाले आफ्नोक्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११.३ **राजस्व बाकी** - पालिकाको वडा नं ८ मा अवस्थित कुपिण्डे ताल संरक्षण र प्रर्वद्धनको लागि होटल व्यवसाय सञ्चालन प्रयोजनार्थ मिति २०७६।०७।०८ मा प्रकाशित सुचनाका आधारमा ४ कोठे घर भाडाका लागि दुर्ग बहादुर खड्का र पालिकाबिच मिति २०७९।०९।०१ गते सम्झौता भई आ. व. २०७७।७८ बाट हालसम्मा राजस्व रकम नबुझाएकोले रु.२,९४,६३० ।००बक्यौता रहेकोमा मिति २०८० ।९ ।२९ मा रु.१,२५,०००/- दाखिला गरेकोले वाकी रकम ब्याज सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,६३० |

११.४ **रसिद नियन्त्रण खाता -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट यस वर्ष २२४ नगदि रसिद ठेली र १०० वटा मालपोल रसिद छपाई गरेर वडा कार्यालयमा पठाएको देखिएन । यी मध्ये १०८ ठेली प्रयोग नै नभएको र अघिल्लो आ.व.को नगदी रसिदको बाँकी मौज्दात PAMS बाट हेर्दा ४५४ ठेली रहेका छन ।ती ठेली प्रयोग नै नभई बाकी रहेका देखिएकाले प्रयोग भएका ठेलीको रसिद नियन्त्रण खाता राखेको देखिएन जस्ले सबै नगदी रसिदको आम्दानी पालिकाको खातामा प्राप्त भयो भएन एकिन गर्न सकिएन । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

११.५ **नदीजन्य पदार्थको आय** - पालिकाले आफ्नो आन्तरिक राजश्व बढाउन आ.इ इ गरि ठेक्कामा ढुङ्गा गिटी बालुवाको उत्खनन गर्दै आन्तरिक राजश्व बढाउनु पर्नेमा मिति २०७९ मङसिर २९ गतेको कार्यपालिकाको निर्णय नं ७ बमोजिम तीन पटक सम्म ठेक्का नपरेकोले कार्यालयबाट रसिद काटि ढुङ्गा गिट्टी तथा बालुवाको कर संकलन गर्ने निर्णय गरेको छ । अमानतवाट कर संकलन गर्ने कानुनी ब्यबस्था नभएकोमा अमानतवाट संकलन गरेको रकमको अधिकत्तम २० प्रतिशत रकम ज्याला दिने गरि २ जना कर संकलक नियुक्त गरि उनिहरुले गरेको राजश्वसकलनवाट रु.४३,९००।०० र पालिकाको राजस्व शाखाबाट नै रसिद काटेर राजश्व संकलन गरि रु.७९,५००।०० सहित आ व २०७९।८० मा ढुङ्गा गिट्टी तथा बालुवाबाट रु.१,२३,४००।०० मात्र राजस्व संकलन गरेको देखिन्छ ।यसरी राजस्व संकलन गर्दा उत्खननन गरेको ढुङ्गा गिटी बालुवाको परिणाम र असुली राजस्व बीच एकिन विश्लेषण गर्न नसकिने र चोरी निकासी नियन्त्रण गर्न कठिनाइ हुने हुदा ठेक्का प्रक्रियाबाट नै नदीजन्य पदार्थको विक्रि गरिनु पर्दछ ।

## १२ नगरपालिका चालु

१२.१ **सिधै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु.७२,३४,०००।०० मध्ये रु.४५,२१,२११।०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धमा केहि उदाहरण निम्न बमोजिम रहेको उल्लेख गरिएको छ ।

| गो भौ नं | आपुर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| ३९९।२०८०/०३/१८ | प्रगति ट्रेडिङ्ग एण्ड जनरल अर्डर सप्लायर्स समेत | मसलन्द तथा कार्यालय सामाग्री | १,७१,६०९.० |
| २२४।२०७९/१२/२३ | ढकाल अफसेट प्रेस एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ३,७३,६६९.०० |
| ५१। २०७९/०७/०३ | नेशनल प्रिन्टिङ्ग प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | ९४,२४२.० |
| १५१। २०७९/११/०४ | प्रगति ट्रेडिङ्ग एण्ड जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ९९,८९९.० |

१२.२ **औषधि खरिद**-पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले नगरपालिका चालु बजेट उप शिर्षकबाट संलग्न अनुसुचि वमोजिम वोलपत्र खरिद वाहे फर्मसँग रु.२५,४९,६८३/- को औषधि प्रतिशपर्धा वेगर खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था यकिन हुनेगरी अभिलेख राख्ने र प्रतिशपर्धाको आधारमा औषधिको खरिद गर्नुपर्दछ ।

| गो भौ नं | आपुर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| ३८१। २०८०/०३/१४ | वि एस सर्जिकल्स एण्ड केमिकल्स सेन्टर | स्वास्थ्य संस्थाका लागि सर्जिकल सामाग्रि खरिद | ९,९९,९९३.०० |
| २८१। २०८०/०३/२३ | त्रिदेव मेडिसीन डिष्ट्रीब्यूटर्स | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि अत्याबश्यक औषधिजन्य सामाग्रि खरिद | १५,४९,६९०.०० |
| | | | २५४९६८३ |

१२.३ **ईन्धन खर्च-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा प्रमुखको सवारी साधनलाई माशिक ८० लिटर डिजल उपप्रमख माशिक ८० लिटर डिजल डिजल र वडाध्यक्ष माशिक २५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा पदाधिकारी को लागी २वटा हलुका सवारी साधन र १२ वटा मोटरसाइकल प्रयोग भएको छ भने कार्यप्रयोजनको लागी एम्बुलेन्स २, मोटरसाइकल १६ , ट्रिपर १ , ब्याकहो लोडर (back hoe loader १ रहेकोमा सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.१२,६६,९१६।०० र इन्धन (कार्यालय प्रयोजन) मा रु.३६,१५,४४८.९४ वजेट खर्च गरेको छ । प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा अतिरिक्त पालिकामा रहेका हेभि इक्विमेन्ट उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। कानुन तथा मापद्ण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेको कारण यसतर्फ पालिकाको ध्यान दिइ मापदण्ड भित्र रहेर मात्र ईन्धन खर्च गर्नुपर्दछ ।ईन्धन खर्च शिर्षकमा संलग्न अनुसुची अनुसार खर्च गरेको छ।

| बिबरण | इन्धन (पदाधिकारी) | इन्धन (कार्यालय प्रयोजन) |
|---|---|---|

| | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम |
|---|---|---|---|---|---|---|
| पिकअप २ पदाधिकारी | १५०*१२= १८०० | १३९। ८२ | २५१६७६ | ० | ० | ० |
| मोटरसाइकल १२p वडाध्यक्ष | १२*१२*२५= ३६०० | १५७। ७२ | ५६७७९२ | ० | ० | ० |
| मोटरसाइकल १६ | ० | ० | ० | १६*१२*१०= १९२० | १५७। ७२ | ३०२८२२ |
| ट्रिपर १ | | | | ६५९ | १६०.१७ | ११९२७३ |
| ब्याकहो लोडर (back hoe loader १ | | | | ७०६० | १६०.१७ | १२७७८०४ |
| जम्मा | | | ८१९४६८ | | | १६९९८९९ |
| वजेट खर्च | | | १२,६६,९१६। ०० | | | ३६,१५,४४८.९४ |
| वढी खर्च | | | ४४७४४८ | | | १९१५५४९ |

१२.४ **दैनिक भ्रमण भत्ता खर्च**- भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने ,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च शिर्षकमा रु.३१,५५,९१५/- खर्च लेखेको देखियो । कार्यालयले भ्रमण अभिलेख खाता राखेको छैन । यो वर्ष के कति कर्मचारीलाई के कति वटा भ्रमण आदेश जारी भएको थियो भनि यकिन गर्ने स्थिती देखिएन । भ्रमण अभिलेख खाता अनिवार्य राख्नु पर्दछ ।

१२.५ **मर्मत सम्भार-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले मर्मत खर्च भक्तानी सवारी साधन मर्मत रु.४,१५,१८५/. र मेशिनरी तथा औजार मर्मत संभार रु.१७,६८,४९१।समेत रु.२१,८३,६७६/-

खर्च लेखेकोमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१२.६ **दोहोरो इन्धन सुविधा**-कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १६ मा ऐनमा पदाधिकारी तथा सदस्यले तोकिएको भन्दा वढी सुविधा लिन नहुने ब्यबस्था छ। देहाय पदाधिकारीको सवारी साधनले कुपनमार्फत लिएको इन्धन अलावा पदाधिकारीले समेत इन्धन वापतको रकम भुक्तानी लिएको देखिएकोले दोहोरो भुक्तानी भएको इन्धन खर्च असुल गर्नुपर्ने

| गो भौ नं मिति | पदाधिकारीको नाम | बिबरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४३२।२०८०।३।२३ | नगर प्रमुख कर्ण बहादुर वुढाथोकी | ईन्धन सुबिधा वापत भुक्तानी लिएको | २२०३९४ |
| | उपप्रमुख पुरुषोत्तम आचार्य | | |
| | | असुल गर्नुपर्ने | २,२०,३९४ |

१२.७ **डोजरको कार्य**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व-नियमावली,२०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले यस बर्ष ७०६० लिटर डिजल डोजर प्रयोजनको लागी सालाखाला रु.१२,७७,८०४/- इन्धन खरिद गरेकोमा सो इन्धनवाट पालिकाले सार्वजनिक सडक मर्मत सम्भार तथा पालिकाको योजनाको कार्यमा अमानतवाट गराएको भनी उल्लेख गरेकोमा वडा नं ८,१०.१,३,५र ६ मा कार्य गरेको रु.१६,५४,३३०/- को नापी किताव तयार गरी कामको मुल्याङकन गरेको छ । जनशक्ती , मेशिनरी तथा इन्धन पालिकाको प्रयोग हुदा इन्धन खपतको अनुपातमा डोजरको कार्य वढोत्तरी हुनुपर्ने देखिन्छ ।

१३ **प्रोभिजनल सम**

निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च भएको वास्तविक बिलको आधारमा भुक्तानी दिने उल्लेख छ।**पालिका** र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा प्रोजेक्ट मेनेजरको पूर्व स्वीकृति लिई त्यस्तोकार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ ।खरीद संझौता अनुसार प्रोभिजनल समबाट भुक्तानी गर्दा वास्तविक खर्चको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । निम्न निर्माण व्यवसायीलाई ल्याव टेष्ट वापत भुक्तानी रु.४०,०००/- एज बिल्ट ड्रइङ रु.६०,०००/- भएकोमा खर्चको विल भर्पाई बेगर नै भुक्तानी भएकाले खर्चको यथार्थ विल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| गो भौ नं | निर्माण ब्यावसायी | बिबरण | बिल नभएको रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११।२०८०।३।२४ | १५वेडको अस्पताल निर्माण दोश्रो रनिङ बिल वापत ग्राण्ड डिजाइन एण्ड कन्ट्रक्सन | ल्याव टेस्ट बिल नभएको | ४०००० |
| ११।२०८०।३।२४ | १५वेडको अस्पताल निर्माण दोश्रो रनिङ बिल वापत ग्राण्ड डिजाइन एण्ड कन्ट्रक्सन | एज बिल्ट ड्रइङ बिल नभएको | ६०००० |
| | | | १००००० |
| | | प्रमाण पेश नगरेको | १,००,००० |

## १४ ठेक्का व्यबस्थापन

१४.१ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका कार्यहरु कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा .२० %देखि ६४.४३प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | काम | निर्माण व्यवसायी | सम्झौता मिति | लागत अनुमान | कबोल रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | औलवेशी स्वास्थ्य चौकी भवननिर्माण | नयाँ नेपाल विल्डर्स एण्ड | २०७९/१०/०३ | ६७२३३५६ | ४४०१४८२ | ३४.५३ % |
| | आपचौर माझकाड़ा सड़क निर्माण | एम वि विल्डर्स | २०७९।०९।२५ | ९६५८७६० | ४६९०४०० | ५१.४४ % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं ७ वडा कार्यालय भवन निर्माण | शिवशक्ति प्रिजम निर्माणसेवा | २०७९/१०/०३ | १२९९८७०७ | ८७७६३३३ | ३२.४८ % |
| | महादेव प्रा वि ज्यामिरे भवन निर्माण | बली कन्स्ट्रकसन | २०७९/०९/१९ | ३३८००५९ | ३३७३४६४ | ०.२० % |
| | घाटगाउ पानीखोला मान्येखहरेखोला बेलखोला शितलनेटा सडक निर्माण | मेघ कन्स्ट्रक्सन | २०७९/०९/१८ | ४८२८९०० | ४७८१३५५ | ०.९८ % |
| | ढोरपिपल थापाचार सडक निर्माण क | एम बि बिल्डर्स | २०७९।१२।०६ | ९६५९३४१ | ३६९९५५८ | ६१.७० % |
| | आपचौर माझकाडा थापाचौर | बली कन्स्ट्रक्सन | २०७९।१२।३० | २४१३५७१ | २३८६५०० | १.१२ % |
| | पाउकोट राइरा सडक निर्माण | दिगो निर्माण सेवा | २०७९।१२।१३ | १४४८४०३ | १४३५८१० | ०.८७ % |
| | च्युरा कारा काफलपानी सडक | बि सी कन्स्ट्रक्सन | २०७९।१२।१३ | १४४८३४३ | १४३५५०३ | ०.८९ % |
| | देवस्थल पातलखोला नाचेखोला विकासे कुलोमा सडक निर्माण | प्रसिद्ध निर्माण सेवा | २०८०।०२।०२ | १४८२९०३ | १४३७९८० | ३.०३ % |
| | खैरागार ढोर लाखर सडक निर्माण | कुमाख निर्माण सेवा | २०८०।०२।१८ | ११५६९८९ | ७२३४४५ | ३७.४७ % |
| | ढोर पिपल थापाचौर सडक निर्माण ख | ए एण्ड ए कन्स्ट्रक्सन | २०८०।०२।१४ | २८९७४३१ | १६८९२८८ | ४१.७० % |
| | गरा बाघमारे उखेता सडक निर्माण | एम बि बिल्डर्स | २०८०।०२।१८ | १९१६४७२ | १२४७३८२ | ३४.९१ % |
| | कुपिण्डे गाउ बयाले सडक निर्माण | पन्चकन्या बिल्डर्स | २०८०।०२।१८ | १९०१२५५ | १४८८०५६ | २१.७३ % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सल्ले खर्क खुटी हुदै दुरुमखोला सडक निर्माण | एम बि बिल्डर्स | २०८०।०२।१४ | ४७८१०९१ | २८४३६२१ | ४०.५२ % |
| | सिमलगैरी तिमिले चौर नरुवा चैतेनी सडक | इन्द्रदेव निर्माण सेवा | २०८०।०२।१८ | १९३१४०८ | ११०६८४६ | ४२.६९ % |
| | नगरपालिकामुकाम तारुपारे सिद्धगुफा सतिपोले देउली सडक | एम वि विल्डर्स | २०७९।१२।०६ | १९३१०५१२ | ६८६८३२० | ६४.४३ % |
| | आ वि घर्तीगाउ भवन निर्माण | अनमोल निर्माण सेवा | २०८०।०२।०३ | १९२९००८ | १८७०१०७ | ३.०५ % |
| | सरस्वती प्रा वि फुर्केसल्ली भवन निर्माण | स्वर्णिम स्वस्तिका निर्माण सेवा | २०७९।९।२१ | ३३८००५९ | ३३७०८८७ | ०.२७ % |

१४.२ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका पुरै ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|
| | नगरपालिकाको प्रशाकशनिक भवन निर्माण | २०७७/०३/२१ | ५२९६८८४६ | २०७९।०३।२१ | २०८०।०३।२१ | ५०% |
| | नगरपालिकामा विद्युतिकरण | २०७७।०४।३० | २२१२१५०१ | २०७८।१०।३० | २०८०।०२।३० | ८८।८८% |
| | देवस्थल नाम्रा धारागाउ पोखरा सडक | २०७९।१।२६ | ५५४०७७३ | २०७९।०३।२१ | २०८०।०३।२१ | ६००% |

१४.३ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।अतः कार्य स्विकारको अद्यावधिक अभिलेख राखी त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

१४.४ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| गो भौ नं मिति | परामर्शदाता | बिबरण | खर्च रकम | अध्यानवाट देखिएको लागत अनुमान |
|---|---|---|---|---|
| ३३७।२०८०/०३/०७ | क्यानभास ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | राइरा सिचाइ डिपिआर | ४,९७,२००.०० | १५३५९७१२।४ |

| | | | | |
|---|---|---|---|---|
| ३३८। २०८०/०३/०७ | ल्याण्डस्केप इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | लाहाघाट सिचाइ डिपीआर | ४,९५,५०५.०० | १२६२८९१६ ।६३ |
| ४०६।२०८०/०३/ १९ | रोबी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | आउजिखोला खरिक बर्माथान बाँझकोट लीफ्ट खानेपानि डिपीआर | ९,९६,९९९.०० | ३२४५३४५७ ।३२ |
| ४५९।२०८०/०३/ २४ | टर्वोटेक इन्जिनियरिङ सोलुसन प्रा ली | काँडाकोट खानेपानि डिपीआर | ४,९८,०४७.०० | ३०४१७८१५ ।९७ |
| २१६।२०८०/०३/ ११ | डि.डि.सी.इन्जिनियरिङ्ग सोलुशन एण्ड ट्युसन सेन्टर प्रा.ली. | औलबेशि पाट्के वोराइघारी लाहाघाट राइरा सडकको बिस्तृत परियोजना प्रतिबेदन निर्माण | ९,६३,६४२.० | ३९९५७२०९ २ |
| २९४।२०८०/०३/ २४ | युनिटी नेपाल कन्सल्ट एण्ड कन्सट्रक्स प्रा.लि. | प्रभाकर मा वि पुर्वाधार निर्माण परियोजनाको बिस्तृत परियोजना रिपोर्ट निर्माण | ४,९५,०००.० | २५३५१७३७ ।८१ |
| | | | ३९४६३९३ | |

साथै यस्तो परामर्शको कार्य गराउदा खरिद आवश्यकताको पहिचान गरी खरिद नियमावली, २०६४ को नियम ३(क) तथा ७(२)(ग) मा अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिनेमा प्याकेज नवनाएको र अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा भएको ब्यबस्था बमोजिम स्विकृत नगरी स्वीकृत बजेट बमोजिमकै हाराहरीमा परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेकोले खरिद कानुन कानुन वमोजिम मितव्यीपुर्वकखरिद गर्नुपर्ने देखिन्छ ।

१४.५ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिदनियमावली, २०६४ क नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। सोही खरिद नियमावलीको अनुसूचि १ को द्रष्टव्यमा वर्क चार्ज, स्टाफ खर्च फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृति गराई गर्नु पर्ने छ । पालिका कन्टिन्जेन्सी खर्च सम्बन्धमा कार्यविधि स्वीकृति नगरी नियमित चालु प्रकृतिमा रु.२८,३४,१५२/- खर्च गरेको देखिएकोले नियमित नदेखीएको रु.

| सि.नं. | विषय | विवरण | रकम |
| --- | --- | --- | --- |
| १. | | पूजीगत खर्च | १९५०५६४५६ |
| | | कुल कन्टिन्जेन्सी खर्च | |
| १.१ | वर्कचार्ज स्टाफ खर्व | मष्टरोल ज्याला | |
| | | फिन्ड भत्ता | २११२२२५ |
| | | जम्माः | |
| १.२ | सानातिना अन्य खर्च | इन्धन | ४६७२९८ |
| | | स्टेशनरी छपाई, सूचना प्रकाशन | २५४६२९ |
| | | कूल जम्माः (१.२+१.१) | २८३४१५२ |

| | |
| --- | --- |
| अनियमित भएको | २८,३४,१५२ |

१५ **नगरपालिका पूँजीगत तर्फ**

**डण्डिमा वेस्टेजको भुक्तानी** - निर्माण कार्यको नापी तथा भुक्तानी नर्म्स बमोजिम हुनुपर्दछ ।शहरी विकास तथा भवन निर्माण विभाग बबरमहलको स्वीकृत गरेको नर्म्स अनुसार भवन निर्माण कार्यमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको ल्याप्स,चियर,वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स बमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी बराबर १ केजि )अवस्थामा जानकी आ वि भवन निर्माण योजनाको भवन निर्माणकार्यको भुक्तानी दिँदा नर्म्स अनुसार दर विश्लेषण गर्दाकै वखत ५ प्रतिशत थप गरेपश्चात पुन नर्म्स बेगर मेजरमेन्ट पछी आएको परिमाणमा पुन wastage ५% थप गरी भुक्तानी दिएकोले वास्तविक मेजरमेन्ट भन्दा बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्दछ ।

| | |
| --- | --- |
| असुल गर्नुपर्ने | **५५,८२२** |

१६ **नगरपालिका पूँजीगत तर्फ**

१६.१ **नपुग विमा अवधि** - ढोरपीपल थापाचौर सडक बाटो निर्माण कार्यको लागि MB Builder सँग सम्झौता भई २०८०।२।३१ मा निर्माण सम्पन्न भएको छ ।उक्त निर्माण कार्यको विमा पोलिसी अनुसार निको इन्सुरेन्स कम्पनि लि लाई रु.२७,९७५/- विमा गरेवापत भुक्तानी भएकोमा उक्त विमाको अवधि निर्माण कार्यसम्पन्न भएको मितिबाट कम्तिमा १३ महिनाको हुनुपर्ने सार्वजनिक खरिद नियमावलीमा व्यवस्था रहेकोमा उक्त विमाको अवधि २०८१।३।३१ सम्मको हुनुपर्नेमा २०८१।२।२२ सम्मको रहेकोले ३९ दिनको अवधि अपुग रहेकोले विमाको म्याद थपगरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,९७५ |

१६.२ **प्रमाण बेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।निम्नानुसारको भौचरबाट निर्माण कार्यमा मेट्रियल टेस्टवापत भुक्तानी गरेकोमा टेस्टगरेको विजक पेश नभएकोले सो पेश गर्ने अन्यथा असुल हुनुपर्दछ ।

| **भौ न र मिति** | **निर्माण कार्य** | **मेटरियल टेस्टको रकम** |
|---|---|---|
| ३६, २०७९।१२।२१ | वार्ड नं ६ अफिस भवन निर्माण कार्य | २७५९१ |
| २९२,२०८०।३।२४ | वार्ड नं ८ अफिस भवन निर्माण कार्य | २८५७० |
| **जम्मा** | | **५६१६१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,१६१ |

१६.३ **हेभिमेशिनको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ न ।मिति | निर्माण उपभोक्ता समिति | निर्माण व्यवसायी | मेशिनको प्रयोग रु | पालिकाबाट भुक्तानी |
|---|---|---|---|---|
| १०४ २०८०।२।२२ | ठान्डारा आरुडाँडा बागचौर सडक निर्माण उ स | बेदकोट अर्जुन निर्माण सेवा प्रा लि | ५७३३४५ | ४१८९१४ |
| ९२ २०८०।१२।२ | पिठेघारि देखि फल्तेचौर सडक स्तरोन्नति उ.स. | बुढाथोकी कन्ट्रक्सन एण्ड सप्लायर्स | ५५७५५३ | ४७६४४८ |
| १२२ २०८०।२।२४ | सिमचौर तल्लो पाचारे मोटरबाटो निर्माण उ.स | सोनीसरिता कन्सट्रक्सन कम्पनी प्रा.लि. | ५३२६३५ | ४१८७७० |

| | | | | |
|---|---|---|---|---|
| १८५ २०८०।३।६ | लाहाघाट पिपलचौर खेत सडक निर्माण उ.स | दिगो निर्माण सेवा | ५६००७४ | ४५८५७६ |
| २३२।२०८०।३।१४ | काघाउना पिपलटाकुरा जैरु मोटरबाटो निर्माण उ.स | सोनीसरिता कन्सट्रक्सन कम्पनी प्रा.लि. | ५९६६४ | ४३८९७३ |
| २३७।२०८०।३।१४ | कफ्लेनि सडक निर्माण उ स | पुरी कन्स्टूक्सन प्रा.लि. | ५०२४१५ | ४२५४०६ |

१६.४ **विलभन्दा बढी भुक्तानी** -घाटगाउँ पानेखोला माल्पे खहरेखोला वेलखोला सितलनेटा सडक निर्माण कार्यको लागि लागत अनुमान रु.४८,२८,९००/- रहेकोमा मेघ कन्स्ट्रक्शनसँग रु.४७,९१,३५५.८८ /- र २०८०।३।१५ सम्ममा निर्माण सम्पन्न गर्नुपर्नेगरी सम्झौता भएकोमा उक्त निर्माण कार्य २०७९।१२।२२ मा सम्पन्न भई विजक नं ०६ मिति २०७९।१२।२२ र रु.४,७४,९५१६.९० भ्याट सहितको रकमको विजक जारी भएको छ । पालिकाको भौचर नं ४२ मिति २०७९।१२।२२ बाट रु.४७,७३,२६४/- रकम भुक्तानी भएकोमा जारी गरेको विजक भन्दा रु.२३,७४७/- बढी रकम भुक्तानी भएकोले विलभन्दा बढी भुक्तानी भएको सो रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,८४७ |

## १७ सशर्त स्वास्थ्यतर्फ

**न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ वटै स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरको लागि यस वर्ष ७०० थान को रु.५,६८,१००।०० खरिद गरेको र गतवर्षको मौज्दात १६५ थान समेत ८६५ थान मध्ये यस वर्षस्वास्थ्य संस्थामा २७४ जना र घरमा ३५६ जना गरी ६३० जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा २३५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## १८ सशर्त कृषि तथा पशुतर्फ

१८.१ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना–** पालिकालाई यस वर्ष प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत बाख्रा र धानबाली पकेट विकास कार्यक्रम संचालन गर्न रु. ३३ लाख बजेट व्यवस्था भएकोमा रु. १५ लाख खर्च भइ ४५.४५ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ ।पालिकाले आ. ब. २०७९।८० मा नयाँ बाख्रा पकेट विकास कार्यक्रममा रु. १५ लाख बजेट विनियोजन भएकोमा १५ लाख खर्च गरेको छ । यसै आ.

ब.मा नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन गर्न रु.१२ लाख बजेट, आ.ब. २०७८।७९ मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु. ६ लाख बजेट विनियोजन भएकोमा कार्यक्रम संचालन नभइ खर्च शुन्य रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन्

१८.२ · बाख्राको साना व्यवसायिक कृषि उत्पादन पकेट केन्द्र विकास कार्यक्रम अन्तर्गत पाँचारे बाख्रापालन कृषक समूहलाई रु. १५ लाख अनुदान उपलव्ध गराएको छ उक्त फर्मले बोयर जातको ५० वटा बाख्रा र ५ वटा बोका रु ८ लाख २५ हजारमा श्री सफल सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड सुर्खेतबाट खरिद गरेको छ । बाख्रा तथा बोका ढुवानीमा रु ५० हजार खर्च तथा घासको बिरुवा औषधि खोर सुधार तथा बिमा लगायतका कार्यमा खर्च गरेको छ । उक्त फर्मले समूहका २४ जना सदस्यहरुलाई प्रति सदस्य २ देखि ३ वटाको दरले बितरण गरेको भरपाइ पेश भएको देखिन्छ ।

१८.३ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,** परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा नं ४.१.८ मा स्थानिय तहले पकेट विकास कार्यक्रम चालन गर्दा पकेट क्षेत्र निर्धारण गर्ने मापदण्ड तथा आधार र कार्यक्रम स्वीकृत गर्ने प्रकृया उल्लेख गरेको छ ।पालिकाले छनौट भएका पकेट क्षेत्र बाली/ बस्तु ,क्षेत्रफल लगायतका विवरण परियोजना कार्यान्वयन इकाई मार्फत परियोजना व्यवस्थापन इकाईमा पेश गर्नुपर्नेमा सो आधारहरु खुलाएर पेश भएको अभिलेख देखिएन । परियोजना कार्यान्वयन म्यानुअलले उल्लेख गरे अनुसार आधार र मापदण्ड खुलाइ परियोजना व्यवस्थापन इकाईमा पेश हुनुपर्दछ ।

१८.४ परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा नं४.१.९.२ बमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम संचालन गर्ने प्रकृया उल्लेख गरेको छ । तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको पकेटको हकमा क्षेत्रफल विस्तार / संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा संचालन गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले पकेट विकास कार्यक्रम संचालन गर्दा उक्त कुरा खुलाएको देखिएन । परियोजना कार्यान्वयन म्यानुअलले उल्लेख गरे बमोजिम पकेट विकास कार्यक्रम संचालन गर्नुपर्दछ ।

· उक्त म्यानुअलको बुँदा नं ४.१.१३ को (क) बमोजिम स्थानीय तहले सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याँकन गर्नुपर्ने र पकेट संचालन समन्वय समितिले सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । उक्त बुँदाले गरेको व्यवस्था अनुसारको कार्य गरेको नदेखिएकोले गर्नुपर्दछ । पालिकाबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।

१८.५ **प्रगति -** स्थानीयतहको कृषि तथा पशु शाखाले खर्च र उपलव्धिको सम्वन्धी अनुसूचि- १३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने, अनुसूचि- ७ बमोजिमको ढाँचामा पकेटको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको कृषि पशु सेवा हेर्ने निकाय र अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोमा पेश भएन ।पालिकाले नयाँ धानबाली २०७९।८० को लागि रु १२ लाख र २०७८।७९ को धानबाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु ६ लाख बजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन हुन नसकेको कारण उल्लेख गर्नुपर्नेमा उल्लेख गरेको छैन ।पालिकाले संचालन गरेको पकेट विकास कार्यक्रमको प्रगति लगायतका विवरणहरु पेश

नभएकोले कार्यक्रमको उपलव्धिको मूल्याँकन गर्न सकएन । प्रगति प्रतिवेदन लगायतका प्रतिवेदनहरु तयार गरी पेश हुनु पर्दछ ।

१८.६ **पशु सेवा कार्यक्रम-** पालिकालाई पशु सेवाका ५ वटा कार्यक्रम संचालन संचालन गर्न रु. ८ लाख बजेट व्यवस्था भएकोमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालनमा रु. ३ लाखमा २ लाख ९९ हजार खर्च भइ जम्मा रु. २ लाख ९९ हजार खर्च गरी ३७.४३ प्रतिशत वित्तिय प्रगति गरेको छ । पालिकाले पशुपंक्षि रोगको अन्वेषण नमूना संकलन तथा प्रेषण इपिडेमियोलजिकल रिपोटिङ्गमा कार्यक्रम र पशुपंक्षि कार्यक्रमको प्रगति रिपोटिङ्ग कार्यक्रम र एकपालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम संचालन भएको देखिएन । पालिकाले कार्यक्रम संचालन हुन नसक्नुको कारण उल्लेख गरी प्रगति विवरण तयार गरेको देखिएन । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने पर्दछ ।

## १९ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम

१९.१ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम -** कृषि तथा खाद्य सुरक्षा, बन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, स्वास्थ्य तथा खानेपानी, पर्यटन तथा पुर्वाधार र भौतिक संरचना तथा प्राकृतिक प्रकोपको क्षेत्रमा जलवायु परिवर्तनले पुर्याउने क्षतिलाई न्यून गरी उक्त क्षेत्रको पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना (Ecosystem based Adaptation-EbA २nd phase), पारिस्थितिकिय प्रणाली पूर्नस्थापना तथा चरनक्षेत्र व्यवस्थापन, जीविकोपार्जन र आयआर्जन सुदृढीकरण गर्ने उद्देश्यले विश्व वातावरण कोष र संयुक्त राष्ट्र संघिय वातावरण सहयोग कार्यक्रम (NCCSP) रहेको छ। यस अन्तरगत मुख्य कार्यक्रमहरु (क) चरनक्षेत्र व्यवस्थापन र विस्तार, (ख) गह्रासुधार व्यवस्थापन तथा विकास,(ग) खोलाकिनारा मर्मत संभार तथा निर्माण,(घ) फिल्टरिगं ड्याम मर्मत संभार तथा निर्माण,(ङ) पोखरी संरक्षण तथा वर्षातको पानी संकलन र संरक्षण र(च)CLIPs निर्माण मह घिउ च्याउ बेसार चिउरी आदी को स्थानीय तहहरु तथा समुहहरुका लागि योजना तयार उत्पादन र प्रशोधन सम्वन्धि उपकरण खरिद जडान र संचालन जस्ता प्रमुख कार्यक्रम रहेको छ ।उक्त कार्यक्रमको लागि पालिकालाई रु. १ करोड ८९ लाख बजेट व्यवस्था भएकोमा रु. ९२ लाख ६३ हजार खर्च भइ ४९.०१ प्रतिशत वित्तिय प्रगति हासिल गरी न्युन प्रगति भएको छ । न्युन प्रगति हुनुको कारण उल्लेख गर्नुपर्नेमा गरेको छैन । नेपाल सरकार बन तथा वातावरण मन्त्रालयले कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ तर्जुमा गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहर यस प्रकार छन्

१९.२ **गह्रा सुधार -** भिरालो जमिनलाई सम्म बनाई खेती गर्न योग्य बनाउन ढुङ्गाको पर्खाल लगाई भूक्षय न्यूनीकरण तथा माटोको चिस्यान कायम राखी कृषि उत्पादकत्व बढाउन स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्थानीय ज्याला, गह्रा उकास्न तथा भिरालोपना कम गर्नकार्य गर्नु पर्दछ । यस प्रकारका गह्रा सुदृढीकरण गरीएका गह्रामा जिविकोपर्जनका लागि उपयोगी जस्तै फलफुल बिरुवा, अम्रिसो, नेपियर, निगालो, डालेघांस जस्ता प्रजातीको रोपण सम्वन्धि कार्य गरी भिरालो जमिनलाई जिविकोपार्जनको लागि उपयोग गर्न सकिने छ ।

पालिकाले विभिन्न वडाहरुमा उपभोक्ता समिति मार्फत १८ वटा गर्हा सुधार योजना संचालन गरी रु. ७४ लाख ११ हजार ४ वटा खोला किनारा ड्याम तथा पोखरी निर्माण गरी रु. १० लाख ३७ हजार कार्यालय सामान

मसलन्द तथा अनुगमन मूल्याँकन लगायतका कार्यमा रु. ८ लाख १६ हजार खर्च गरी जम्मा रु. ९२ लाख ६३ हजार खर्च गरेको छ ।

योजनाहरु संचालन गर्दा सहयोग कार्यक्रमको तर्फबाट ७८ प्रतिशत उपभोक्ता समितिको १५ प्रतिशत र पालिकाको योगदान ७ प्रतिशत हुने गरी उपभोक्ता समिति मार्फत योजना संचालन हुने गरेको छ ।पालिकाले यसरी त्रिपक्षिय साझेदारीमा संचालन हुने कार्यक्रमको प्रभावकारीताको मूल्याँकन गरी नियमित अनुगमन गर्नुपर्दछ ।

१९.३ **लघु उद्यम विकास कार्यक्रम-** गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न पालिकालाई सशर्त चालु बजेट उप शिर्षकमा रु. ३५ लाख बजेट व्यवस्था भएकोमा नयाँ लघु उद्यमी सिर्जना पुरान उद्योगीको पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गरी स्तरोन्नती गर्ने कार्यक्रम गरी रु.२८ लाख १८ हजार खर्च भइ ८०.५४ प्रतिशत वित्तिय प्रगति हासिल भएको देखिन्छ ।

पालिकाले संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्थापर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम गर्न रु.१ लाख ४० हजार र अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र स्थापना कार्यक्रम गर्न रु ५ लाख बजेट व्यवस्था भएकोमा उक्त कार्यक्रम संचालन भएको देखिएन । पालिकाले कार्यक्रम संचालन हुन नसक्नुको कारण उल्लेख गरेको छैन, कारण उल्लेख गरी बजेट व्यवस्था भएको कार्यक्रम त्रैमासिक रुपमा संचालन गर्नुपर्दछ ।

१९.४ पालिकालाई नयाँ लघु उद्यमी सिर्जना तर्फ कार्यक्रम संचालन गर्न रु.२३ लाख ८० हजार बजेट व्यवस्था भएकोमा रु २३ लाख ७८ हजार र पुरान उद्यमीको स्तरोन्नती कार्यक्रमको लागि रु. ४ लाख ८० हजार बजेट व्यवस्था भएकोमा रु ४ लाख ४० हजार खर्च देहायका कार्यक्रम संचालनमा गरेको छ ।उक्त कार्यक्रमबाट पालिकाभित्र नयाँ लघु उद्यमीको सृजना पुरान उद्योगीको स्तरोन्नती स्व रोजगारी सृजना र समग्रमा गरिबी निबारणमा पुगेको उपलव्धिको पालिकाले मूल्याँकन गर्नुपर्दछ । साथै पालिकाबाट उपलब्ध गराईएको अनुदान तथा प्रविधि हस्तान्तरणको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।

१९.५ **बहुक्षेत्रीय पोषण कार्यक्रम-** पोषण संवेदनशिल कार्यक्रमहरु खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा महिला तथा बालबालिका, शिक्षा र शासकिय प्रवन्ध, पोषण विशेष स्वास्थ्य कार्यक्रम, पोषण सुधारको लागि विपन्न समुदायका महिला समूहका सहकारीहरुलाई आय आर्जन सुधार गर्न अनुदान दिने कार्यक्रम संचालन गर्न पालिकालाई रु.१६ लाख बजेट व्यवस्था भएकोमा रु. ७ लाख ३८ हजार खर्च भइ ४६।१५ प्रतिशत वित्तिय प्रगति गरेको छ ।पालिकाले पोषण विशेष स्वास्थ्य कार्यक्रमको लागि रु.१ लाख ५० हजार र पोषण सुधारको लागि विपन्न समुदायका महिला समूहका सहकारीहरुलाई आय आर्जन सुधार गर्न अनुदान दिने रु.६ लाख २५ हजारको कार्यक्रम संचालन गरेको छैन । कार्यक्रम संचालन हुन नसक्नुको कारण उल्लेख गर्नुपर्नेमा गरेको छैन । बजेट व्यवस्था भएका कार्यक्रम चौमासिक रुपमा संचालन हुनु पर्दछ ।

## २० सर्शत शिक्षातर्फ

२०.१ **विद्यालयगत निकासा रजिष्टर-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको शिर्षकगत विवरण खुल्ने गरी विद्यालयगत अभिलेख राख्नु पर्नेमा राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम भिडान गर्न सकिएन । पालिकाले विद्यालयलाई दिने निकासाको शिर्षकगत अभिलेख खाता राखि पारदर्शि गर्नु पर्दछ ।

२०.२ **अनुदानको सुनिश्चितता -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले सामुदायिक विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजाको रकम अनुदान र सेनिटरी प्याडको खरिद गरी रु.२,२३,८१,४८३।०० उपलव्ध गराएको छ । विद्यालयहरुले उक्त अनुदान रकमबाट विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गरी वितरण गरेको दिवा खाजा खुवाएको छात्रवृत्तिको रकम नगद वितरण गरेको भरपाई तथा सेनेटरी प्याड वितरण गरी सोको भरपाई पालिकामा पेश गरेको देखिन्छ ।पालिकाले उक्त भरपाई प्राप्त भए पछि निकाशा अनुसार विद्यार्थी संख्या बराबर भरपाई प्राप्त भएको छ छैन रुजु गरी प्रत्येक विद्यालयको अनुगमन गरी कक्षागत रुपमा तेरीज सहित प्रतिवेदन तयार गर्नु पर्दछ । यसरी रुजु गर्दा घटी संख्याको भरपाई प्राप्त भए विद्यालयबाट अनुदान रकम असुल गर्नु पर्दछ ।विद्यालयहरुले पालिका समक्ष पेश गरेका भरपाईहरु विद्यार्थी संख्याको आधारमा रुजु गरी प्रतिवेदन तयार गरी व्यवस्थापन गरी राखेको देखिएन । यसबाट अनुदान लिने सवै विद्यालयहरुले सवै अनुदान रकम विद्यार्थीहरुलाई वितरण गरी अनुदानको सदुपयोग भएको छ भनि सुनिश्चित हुन सकिएन ।

२०.३ **IEMIS को तथ्यॉंक-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयहरुले IEMIS मा प्रविष्ट गरेको विद्यार्थिहरुको कक्षा १ देखि १२ सम्मको तथ्याङ्कलाई पालिकाले सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, स्यानिटरी प्याड र प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यसवर्ष ६५वटा सामुदायिक विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको लागि रु. ५१,२१,६५३/- छात्रवृत्तिको लागि रु.१४,७४,६००/- दिवा खाजाको लागि रु.१,२०,२९,२६५/- सेनिटरि प्याडको लागि रु.९,९९,९६५/- को १२०४८ पाकेट र सिकाइ सामाग्रीको लागि रु.२७,५६,०००/- गरी रु.२,२३,८१,४८३।०० अनुदान उपलव्ध गराएको छ ।उक्त अनुदान उपलव्ध गराउदा विद्यालयहरुले IEMIS मा प्रविष्ट गरेको तथ्यॉंकलाईपालिकाले सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा दिनु पर्नेमा सत्यापन नगराइ दिएको छ ।विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई अनुदान दिने हुँदा यसबाट विद्यालयहरुले वास्तविक विद्यार्थीहरुको तथ्यॉंक भन्दा बढी संख्या प्रविष्ट गराइ अनुदान रकमको दुरुपयोग गर्न सक्ने देखिन्छ ।यस्तो दुरुपयोग नियन्त्रण गर्न विद्यालयहरुले IEMIS मा प्रविष्ट गरेको विद्यार्थीहरुको तथ्यॉंकलाई पालिकाले कक्षागत रुपमा यथार्थ तथ्यॉंकसंग सत्यापन गराउनु पर्दछ ।

२०.४ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क.सं.** | विद्यालयको किसिम | **विद्यालय संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये राहत करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह ९ देखि १२ | ८ | २८ | २८ | ७७ | २१८३ |
| २ | आधारभुत तह १ देखि ८ | ५७ | १८६ | १८६ | १२ | ६४७८ |
| | **जम्मा** | **६५** | **२१४** | **२१४** | **८९** | **८६६१** |

उपरोक्त तालिका अनुसार ६५ सामुदायिक विद्यालयहरुमा २१४ दरबन्दी रहेकोमा पदपूर्ति भइ रिक्त रहेको तथा ८९ जना राहत तथा करार शिक्षकहरुबाट विद्यालय संचालन भएको देखिन्छ । शिक्षक दरबन्दी बमोजिम स्थायी शिक्षकको पदपूर्ति गर्नुपर्दछ ।

२०.५ **शिक्षक विद्यार्थी अनुपात-** शिक्षा नियमावली, २०५९ को अनुसुचि ३ को (ठ) अनुसार हिमाली जिल्लाको सामुदायिक विद्यालयहरुमा सामान्यतया ४० जना विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था हुनु पर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विद्यालयगत शिक्षक तथा विद्यार्थी विवरण अध्ययन गर्दा देहायका केहि विद्यालयहरुमा शिक्षकको संख्या न्यून तर विद्यार्थीको संख्या धेरै रहेको तथा केहि विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकहरुको संख्या अधिक रहेको देखिन्छ ।भौगोलिक अवस्था, आवश्यकता र औचित्यता समेतलाई ध्यानमा राखि विद्यार्थी संख्या घटी भएका विद्यालयहरुलाई नजिकका विद्यालयसंग मर्ज गरी शिक्षक न्यून रहेका विद्यालयमा अधिक रहेका विद्यालयबाट समयोजन गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्नु देखिन्छ ।

| **क श** | **विद्यालयको नाम** | **शिक्षक संख्या** | **विद्यार्थी संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | श्री शारदा आधारभुत विद्यालय | ३ | १९० | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| २ | श्री मुक्ति माध्यामिक विद्यालय | ८ | ६४५ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ३ | श्री आधारभुत विद्यालय घर्तीगाँउ | ४ | २२९ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ४ | श्री बाशुका प्राथमिक विद्यालय | १ | ६६ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ५ | श्री जनकल्याण प्रथमिक विद्यालय | १ | ७३ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ६ | श्री भैरवी आधारभुत विद्यालय | २ | ११५ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री प्रभाकर माध्यामिक विद्यालय | ११ | ७३२ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ८ | श्री राधा आधारभुत विद्यालय | ४ | २११ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ९ | श्री सरस्वती प्रथमिक विद्यालय | १ | ८७ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १० | श्री जीवनज्योती प्रथमिक विद्यालय | १ | ७० | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| ११ | श्री प्रतिभा माध्यमिक विद्यालय | ४ | २६३ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १२ | श्री जनकल्याण आधारभुत विद्यालय | ४ | २२६ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १३ | श्री नवज्योती माध्यामिक विद्यालय | ४ | ५८० | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १४ | श्री कुपिण्डेश्वरी प्रथमिक विद्यालय | ३ | २२७ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १५ | श्री भगवती आधारभुत विद्यालय | ३ | १९२ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १६ | श्री त्रिभुवन जनता माध्यामिक विद्यालय | २३ | १०५१ | शिक्षक न्यून विद्यार्थको संख्या धेरै |
| १७ | श्री सरस्वती प्राथमिक विद्यालय फुर्केसल्ली | ३ | ६९ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| १८ | श्री कृष्ण प्रथमिक विद्यालय खहरेखोला | ३ | ४६ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| १९ | श्री गंगा प्राथमिक विद्यालय अम्रा | ३ | २६ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २० | श्री अमर शहिद गंगालाल प्राथमिक विद्यालय | ३ | ७८ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २१ | श्री जनता प्राथमिक विद्यालय | ३ | ५० | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २२ | श्री शैक्षिक जनचेतना प्राथमिक विद्यालय | २ | १९ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २३ | श्री गंगा प्राथमिक विद्यालय नाम्रा | २ | २५ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २४ | श्री भैरवी प्राथमिक विद्यालय | २ | १० | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री कालिका प्राथमिक विद्यालय | ४ | ७८ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २६ | श्री बाल सरस्वती प्रथमिक विद्यालय पाखापानी | ३ | २२ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |
| २७ | श्री बाल कल्याण प्रथमिक विद्यालय सिम्तिगैरा | ३ | ७१ | शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून |

२०.६ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७८३ जना रहेका छन। पालिकाले ३ वटा फर्मबाट दरभाउपत्र (कोटेशन) लिई सोझै खरिद विधिबाट घटि कवोल गर्ने फर्म सुवर्ण मेडिसिन को प्रति पाकेट रु. ७३.४४ का दरले १२०४८ पाकेट थान सेनिटरी प्याड रु.९,९९,९६५।०० (मु अ कर समेत) मा खरिद गरेको छ। । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेकोमा आर्थिक वर्ष पश्चात विद्यालयलाई वितरण गरेको र विद्यालयबाट विद्यार्थिहरुलाई वितरण भएको भरपाई पेश हुनु पर्नेमा नभएको देखिन्छ।पेश भए पश्चात भरपाईहरुको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले खरिद योजना तयार गरी आवश्यकताको पहिचान गरी शैक्षीक सत्रको शुरुमै आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२०.७ **स्यानिटरी प्याड मौज्दात-** पालिकाले यस वर्ष ७८३ जना छात्राहरुको लागि १२०४८ पाकेट स्यानिटरी प्याड खरिद गरी ८ विद्यालयहरुलाई ११६०० पाकेट वितरण गरेकोमा ४४८ पाकेट मौज्दात रहेको छ ।लामो समय पालिकाको भण्डारणमा मौज्दात राख्दा गुणस्तरमा कमी आउने हुँदा विद्यार्थि संख्याको आधारमा खरिद गर्नुपर्दछ ।

## २१ मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ३ मा कार्यक्रमको क्षेत्रहरुमा सडक सिँचाई, खानेपानी, नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण जस्ता कार्यक्रम सञ्चालन गरीने उल्लेख छ । सोही कार्यविधिको दफा ४ मा आयोजनाको छनौट प्रक्रिया उल्लेख छ।सो प्रक्रिया बमोजिम यस पालिकामा १० वटा योजना छनौटगरी निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

२१.१ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १६ मा आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामुहिक दुर्घटना बिमा गर्न सक्ने व्यवस्था छ।यस पालिकाले रु. १ करोड ५० लाखका १० वटा योजना कार्यान्वयन गर्दा सामुहिक दुर्घटना बिमा गरेको देखिएन।कार्यविधिको दफा नं. ११ मा कन्टीन्जेन्सी खर्चतर्फ विनियोजित बजेटको २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने र उक्त खर्च शीर्षकमा श्रमिकको सामूहिक

दुर्घटना बिमा पनि समावेश भएकोमा विनियोजित बजेटको २ प्रतिशतले हुने रकमबाट उक्त बिमा गर्नसकिने मा कार्यालयले दुर्घटना बिमा नगरी अन्य अनुगमन, मूल्याङ्कन तथा प्रशासनिक शीर्षकहरुमा मात्र खर्च गरेको देखियो । बिमा नगर्दा भविष्यमा आइपर्ने जोखिम वहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२१.२ कर्णाली प्रदेश सरकारले प्रदेशका बेरोजगार तथा कोभिड १९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजनागर्न तथा आयआर्जनका क्रियाकलाप संचालन गर्न सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउने उद्देश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन गरेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालनका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ तयार गरेको छ ।कार्यविधिको दफा ७ को अनुसूचि ५ बमोजिम योजनाको लागत अनुमानको श्रम र सामाग्रीमा खर्च गर्न पाउने अनुपात निर्धारण गरेको छ ।जस अनुसार सिंचाइ कुलो निर्माणमा श्रममा ५० र सामाग्रीमा ५० प्रतिशत, बाटो मर्मतमा ६०।४० र खानेपानी योजनामा ४०।६० प्रतिशतको अनुपातमा खर्च गर्न सकिने व्यवस्था छ। यस वर्ष पालिकाले सिंचाइ कुलो निर्माण, खानेपानी आयोजना निर्माण, नाला कूलो तथा बाटो मर्मत र तारजाली तथा घेरावार निर्माण जस्ता १० वटा योजनाहरु संचालन गरी १५५ जनालाई ८९६ दिनले रोजगारी उपलव्ध गराई रु.७९,७८,३६१/- रकम श्रमिक ज्यालामा र बाँकी रु.५७,०९,०८६.५ सामाग्रीमा गरी जम्मा रु.१,३६,८७,४४७.४ खर्च गरेको छ ।

२१.३ उक्त मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा नं. ५(१) (च) मा निर्देशक समितिले आयोजना छनौट गर्दा अधिकतम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनौट गर्नुपर्ने उल्लेख छ । उक्त व्यवस्था बमोजिम यस पालिकालाई रु.१ करोड ५० लाख बजेट निकाशा भएकोमा यस पालिकाले आयोजना छनौट गर्दा लागत साझेदारी नगरी सोही रकम मात्र खर्च गर्ने गरी रु.१ करोड ५० लाख का १० वटा योजना सञ्चालन गरेकोमा लागत सहभागीता शून्य रहेको देखियो । लागत सहभागीता नहुने योजना छनौट गर्दा योजनाप्रति लाभग्राहीको अपनत्व नहुने र पालिकालाई मात्र योजनाको व्ययभार परेको देखियो । अतः कार्यविधि बमोजिम योजना छनौट गर्दा अधिकतम लागत साझेदारी परिचालन हुने योजना छनौट गर्नुपर्ने देखिन्छ ।

२१.४ पालिकाले यस बर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न १० वटा कार्यक्रम संचालन गरी रु.१,३६,८७,४४७.४ ।- खर्च गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट १५५ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको विवरणबाट देखिन्छ । उक्त कार्यविधिको दफा ४(७) मा बजेट बाँडफाट गर्दा कर्णाली प्रदेशका वडास्तरको जनसंख्या, भौगोलिक विकटता, गरीबी लगायतका आधारमा समन्यायिक रुपमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमको योजना छनौट गर्दा प्रति वडा रु. १५ लाखका दरले योजना छनौट गरेको र वडाको जनसंख्या, भौगोलिक अवस्था तथा गरीबीलाई विश्लेषण गरी समन्यायिक वितरण गर्नुपर्नेमा समान वितरण गरेको देखिएकोले समन्यायिक वितरण भएको छ भन्ने आधार देखिएन । कार्यविधीको पालना गरी समन्यायिक वितरणमा ध्यान दिनुपर्दछ।

## २२ सशर्त रोजगार कार्यक्रम

२२.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह

भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तकारी कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वटा वडामा दुवै कार्यक्रमको १९ वटा योजना सञ्चालन गरी यस वर्ष २३८ जनालाई औसत १०० दिनको दरले २३८०० दिन रोजगारी उपलव्ध गराई रु. १ करोड २४ लाख ३५ हजार श्रमिक ज्यालामा खर्च गरेको छ ।यसै गरी मुख्य मन्त्रि रोजगार कार्यक्रम अन्तर्गत १० वटा योजना सञ्चालन गरी १५५ जनालाई औसत १०० दिनको दरले १००० दिन रोजगारी उपलव्ध गराई रु.१७ लाख १८ हजार श्रमिक ज्यालामा खर्च र रु.१६ लाख ६२ हजार सामाग्री खरिदमा गरी रु ३३ लाख ८० हजार खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२२.२ **मुख्यमन्त्री रोजगार कार्यक्रम-** कर्णाली प्रदेश सरकारले प्रदेशका बेरोजगार तथा कोभिड १९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजनागर्न तथा आयआर्जनका क्रियाकलाप संचालन गर्न सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउने उद्देश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन गरेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालनका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ तयार गरेको छ ।कार्यविधिको दफा ७ को अनुसूचि ५ बमोजिम योजनाको लागत अनुमानको श्रम र सामाग्रीमा खर्च गर्न पाउने अनुपात निर्धारण गरेको छ ।जस अनुसार सिंचाइ कुलो निर्माणमा श्रममा ५० र सामाग्रीमा ५० प्रतिशत, बाटो मर्मतमा ६०।४०र खानेपानी योजनामा ४०।६० प्रतिशतको अनुपातमा खर्च गर्न सकिने व्यवस्था छ। यस वर्ष पालिकाले सिंचाइ कुलो निर्माण, खानेपानी आयोजना निर्माण, नाला कूलो तथा बाटो मर्मत र तारजाली तथा घेरावार निर्माण जस्ता १० वटा योजनाहरु संचालन गरी १५५ जनालाई औसत ८९.६ दिनले १३८८८ दिन रोजगारी उपलव्ध गराई रु.१,३१,१७,५२३/- श्रमिक ज्याला र सामाग्रीमा खर्च गरेको छ ।

## २३ सामाजिक सुरक्षा

२३.१ **लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।

२३.२ **विवरण पेश तथा समिक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

**पारदर्शिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी

गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

**सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

२३.३ **नागरिकता नम्बर दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका १२ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. १, ७ र ९ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो राखि गरीएको देखिन्छ । विगत लेखापरीक्षण प्रतिवेदनमा समेत समावेश भइसकेको हुदा यसमा सुधार भएको देखिदैन । यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई विवरण पठाउने गरेको र बैंकले दोहोरो देखिएका लाभग्राहीको भत्ता फर्ता गर्ने गरेकोमा कार्यालयले सबै वडाहरुको विवरण अद्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ ।

| Installment's | Ward | Social Assustance Type Name | Citizenship Number | Member Name | Total Amount |
|---|---|---|---|---|---|
| ४ | १ | Senior citizen's -७० above | ५५३००९ | Debi Sahu Kshetri | १२००० |
| ४ | १ | Senior Single women' | ५५३००९ | Girmi Sahu | ७९८० |
| ४ | १ | Senior Single women' | ५५३००९ | Nanni Budha | ७९८० |
| ४ | १ | Widow | ६९८ | Rupa Sari Kharti | ७९८० |
| ४ | १ | Disabled | ६९८ | Dote Damai | ६३८४ |
| ४ | ७ | Senior citizen's allowance-Others | २१२ | Bhumi Roka | १२००० |
| ४ | ७ | Senior citizen's allowance-Others | २१२ | Nim Kumari Dagi | १२००० |
| ४ | ७ | Senior citizen's allowance-Others | १६५८ | Dhani Budha | ८००० |
| ४ | ७ | Senior citizen's allowance-Others | १६५८ | Dhani budah | ७९८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ९ | Senior citizen’s allowance-Others | २३९ | sere yari | १२००० |
| ४ | ९ | Widow | २३९ | Meghi Oli | ७९८० |
| ४ | ९ | Senior citizen’s allowance-Others | ३७५ | tilbir bohara | १२००० |
| ४ | ९ | Widow | ३७५ | Harkali Yari | ७९८० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: **बनगाड कुपिण्डे नगरपालिका, सल्यान** , बनगाँड कुपिण्डे नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Chakra bahadur rawat | २०७९-४-१ | २०७९-११-१० |
| कार्यालय प्रमुख | Jagat Bahadur Gharti | २०७९-११-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dinesh Bhandari | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४४५,८४६ | ५,०२०,३१० | ६२२,४३५ | ० | ० | ३,२२८,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,३१६,५९१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,३१६,५९१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १९९३३७७२७.२५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७७२६८१०६ | चालु खर्च | ३४२९६७९८१.४४ |
| प्रदेश सरकारबाट अनुदान | ४६१०६७३३ | पूँजीगत खर्च | १९५०५६४५६ |
| राजश्व बाँडफाँट | १०१२८६२१८.६७ | वित्तीय/अन्य व्यवस्था | २०५९८३२२० |
| आन्तरिक आय | ८५८९७९३.६५ | | |
| अन्य आय | १९५७६०५६६ | | |
| कुल आय | ७२९०११४१७.३२ | कुल खर्च | ७४४००७६५७.४४ |
| बाँकी मौज्दात | | १८४३४१४८७.१३ | |

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७९,०८,७६,८००.०० | ५३,९३,२१,९२४.८२ | ९,४८,२४०.०० | ५४,०२,७०,१६४.८२ | ४६,२८,१६,३६९.९१ | | ४६,२८,१६,३६९.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७८,५४,४६,२००.०० | ५१,८६,०२,५१७.३२ | ० | ५१,८६,०२,५१७.३२ | ४५,८०,९२,३१३.९१ | ० | ४५,८०,९२,३१३.९१ |
| ११००० कर | ११ | १३,२२,४८,०००.०० | १०,२२,४०,५३८.४१ | ० | १०,२२,४०,५३८.४१ | ११,२६,१९,९८२.५६ | ० | ११,२६,१९,९८२.५६ |
| १३००० अनुदान | | ४९,६७,८४,०००.०० | ४०,८७,४४,५०५.०० | ० | ४०,८७,४४,५०५.०० | ३३,९४,३६,७६२.०० | ० | ३३,९४,३६,७६२.०० |
| संघीय सरकार | १२ | ४४,१०,७५,०००.०० | ३६,२६,३७,७७२.०० | ० | ३६,२६,३७,७७२.०० | ३१,४२,८८,३५०.०० | ० | ३१,४२,८८,३५०.०० |
| प्रदेश सरकार | १२ | ५,५७,०९,०००.०० | ४,६१,०६,७३३.०० | ० | ४,६१,०६,७३३.०० | २,५१,४८,४१२.०० | ० | २,५१,४८,४१२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ७७,५०,०००.०० | ७६,१७,४७३.९१ | ० | ७६,१७,४७३.९१ | ४८,३५,९८६.३५ | ० | ४८,३५,९८६.३५ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ११,९९,५८३.०० | ० | ११,९९,५८३.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १४,८६,६४,२००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५४,३०,६००.०० | २,०७,१९,४०७.५० | ९,४८,२४०.०० | २,१६,६७,६४७.५० | ४७,२४,०५६.०० | | ४७,२४,०५६.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ७,६५,०००.०० | ० | ७,६५,०००.०० | ७,६५,०००.०० | ० | ७,६५,०००.०० |
| कोषहरु | | ५४,३०,६००.०० | १,२८,४८,९७०.५० | ९,४८,२४०.०० | १,३७,९७,२१०.५० | १८,४३,१६८.०० | ० | १८,४३,१६८.०० |
| धरौटी | | ० | ७१,०५,४३७.०० | ० | ७१,०५,४३७.०० | २१,१५,८८८.०० | ० | २१,१५,८८८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७९,०८,७६,८००.०० | ५४,३१,४३,१९५.४४ | ५,६०,३८७.०० | ५४,३७,०३,५८२.४४ | ४२,८०,१३,४३१.०० | | ४२,८०,१३,४३१.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७८,५४,४६,२००.०० | ५३,८०,२४,४३७.४४ | | ५३,८०,२४,४३७.४४ | ४२,४२,७१,९३३.०० | | ४२,४२,७१,९३३.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,५५,१२,०००.०० | १७,९३,०२,१०९.५० | ० | १७,९३,०२,१०९.५० | १४,८६,२७,००५.०० | ० | १४,८६,२७,००५.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २४,५१,३९,०००.०० | १५,४९,२८,४६३.९४ | ० | १५,४९,२८,४६३.९४ | ६,१६,७६,२९७.०० | ० | ६,१६,७६,२९७.०० |
| २५००० सहायता (Subsidy) | १८ | १२,५०,०००.०० | ४७,५३८.०० | ० | ४७,५३८.०० | ४,७८,९५,३०६.०० | ० | ४,७८,९५,३०६.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९३,५०,०००.०० | ७०,६६,२४८.०० | ० | ७०,६६,२४८.०० | ७५,११,२८९.०० | ० | ७५,११,२८९.०० |
| २८००० अन्य खर्च | १८ | २२,००,०००.०० | १६,२३,६२२.०० | ० | १६,२३,६२२.०० | २१,८१,५८०.०० | ० | २१,८१,५८०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,१९,९५,२००.०० | १९,५०,५६,४५६.०० | ० | १९,५०,५६,४५६.०० | १५,६३,८०,४५६.०० | ० | १५,६३,८०,४५६.०० |
| घ. अन्य भूक्तानी | | ५४,३०,६००.०० | ५१,१८,७५८.०० | ५,६०,३८७.०० | ५६,७९,१४५.०० | ४२,८०,१३,४३१.०० | | ४२,८०,१३,४३१.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | ५४,३०,६००.०० | ३३,३०,३८१.०० | ५,६०,३८७.०० | ३८,९०,७६८.०० | २९,७७,९९६.०० | ० | २९,७७,९९६.०० |
| धरौटी | | ० | २०,९२,२०९.०० | ० | २०,९२,२०९.०० | ७,६३,५०२.०० | ० | ७,६३,५०२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,०३,८३२.००) | | (३,०३,८३२.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३८,२१,२७०.६२) | ३,८७,८५३.०० | (३४,३३,४१७.६२) | ३,४८,०२,९३८.९१ | | ३,४८,०२,९३८.९१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०,०७,७७,१०२.२५ | | २०,०७,७७,१०२.२५ | १५,५०,३३,६४४.३४ | | १५,५०,३३,६४४.३४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १९,६९,५५,८३१.६३ | ३,८७,८५३.०० | १९,७३,४३,६८४.६३ | १८,९८,३६,५८३.२५ | | १८,९८,३६,५८३.२५ |
| बैंक तथा नगद बाकी | २४ | | १८,५६,३८,१६५.६३ | | १८,५६,३८,१६५.६३ | १८,९८,६५,७२८.२५ | | १८,९८,६५,७२८.२५ |